# सुन्तलाजात फलफूलमा लाग्ने ट्रिष्टिज भाइरस रोग

## समस्याको पहिचान

यो रोग भाइरसको कारणले गर्दा सुन्तलाजातको फलफूल बालीमा लाग्ने खतरनाक रोग हो। यो रोगले दुई तरिकाबाट लक्षणहरु देखाउँछ। एउटा एक्कासी मर्ने र अर्को विस्तारै मर्ने । रोगी सुन्तला, भोगटे र जुनारको बोट एक्कासी मर्छ। रुटस्टक र सायनको संयोजनभन्दा मुनिको भागमा उल्टो पिनले घोचे जस्तो प्वालहरु देखिन्छन्। यस्ता प्वालहरु मिलेर डाँठमा प्वालहरुको हार बन्दछ। नयाँ पालुवाको वृद्धिमा कमी आउनु, पात पहेंलिनु र जिंग्रिङ्ग ठाडो हुनु यस रोगको प्रारम्भिक लक्षण हुन्। रोग बढ्दै जाँदा पुराना पातहरु झर्छन्, पात झर्दा नयाँ पालुवा अथवा पातहरु बोटमा नै रहन पनि सक्छन्। मुनाहरु टुप्पोबाट मर्न थाल्छन् र पछि गएर पुरै हाँगा मर्न थाल्छन्। बिरुवाको खाने मसिना जरा कुहिन्छन् र कुहिने क्रम मुख्य जरासम्म पनि पुग्दछ।

## समस्याको पृष्ठभूमि

यो भाइरसले बोटमा एक पटक प्रवेश गरेपछि बिरुवाको जीवनभरी नै सोही बोटमा रहिरहन्छ। यो रोग विशेषगरी रोगी बेर्नाबाट, रोगी मुलवृन्द (रुटस्टक) र मातृवृन्द (सायन स्टक) र सुन्तलाजात फलफूलमा लाग्ने लाही कीराको माध्यमबाट सर्दछ। लाही कीराले केही सेकेण्ड मात्रै भएपनि रोगी बिरुवामा चुस्न पायो भने चुस्ने अंगले भाइरस लिन्छ र अन्य स्वस्थ बिरुवामा रस चुस्दा भाइरस सर्छ। यसरी रोग सार्न सुन्तलाजात फलफूलमा लाग्ने खैरो रंगको लाही कीरा सबैभन्दा बढी जिम्मेवार हुन्छन्। एउटा गाउँमा रोग प्रवेश गरीसकेपछि सो गाउँको पुरै बोटहरुमा सर्ने सम्भावना हुन्छ ।

## व्यवस्थापन

- रोगी स्थानबाट रोप्नको लागि बिरुवाहरु नल्याउने ।
- रोगको लक्षण देखिएका बोटहरु कृषकहरुको समूहमा मिलेर नष्ट गर्ने अभियान चलाउने ।
- परीक्षणबाट रोगमुक्त प्रमाणित स्वस्थ रुटस्टक र सायन स्टक मात्र बेर्ना उत्पादनको लागि प्रयोग गर्ने ।
- लाही कीराको नियन्त्रण गर्नका लागि नियमित रुपमा झोल मल र वानस्पातिक विषादी प्रयोग गर्ने, र स्त्री स्वभावको खपटेको संरक्षण गर्ने । विभिन्न गन्ध र चोप आउने वनस्पतिहरु जस्तैः तितेपाती, खिर्रो, केतुकी, टिमुर, काँचो पातलाई कुटेर अथवा गाईवस्तुको गहुँतमा कुहाएर वानस्पातिक विषादीहरु बनाउन सकिन्छ ।
- लाही कीराको व्यवस्थापनको लागि डाइमेथोएट ३०% ई.सी. १ लिटर पानीमा १ मि.लि.का दरले बोट भिज्ने गरी छर्ने ।

**Scientific name:** Citrus Tristieza Virus

विषादीको प्रयोग गर्दा नाक, मुख, आँखा, कानका साथै पुरै शरीरको छाला छोपिने गरी सुरक्षित पहिरन लगाउनु पर्दछ। विषादीको लेवल राम्रोसँग अध्ययन गरी प्रयोग गर्ने मात्रा, पटक र प्रयोग पछि बाली टिप्ने समय राम्रोसँग ख्याल गर्नु पर्दछ। विषादी चर्को घाम वा हावा लागेको समयमा छर्कन हुँदैन।



चित्र १. सुन्तलाजातको ट्रिष्टिजा भाइरसको कारण डाँठभित्र देखिएको गढेका धर्सा
*(Photo by Nicola Spence, Horticulture Research International)*



चित्र २. सुन्तलाजातको फलफूलको जरामा रोगको कारण देखिएका गढेका धर्साहरु
*(Photo by S.D. Sawant)*

तयारकर्ता
**श्री माधव भट्ट,** वरिष्ठ बाली संरक्षण अधिकृत, प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र, हरिहरभवन, ललितपुर

सम्पादक
**डा. हिराकाजी मानन्धर**
एनपिडिए, काठमाण्डौ
**डा. रेशमबहादुर थापा**
कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुर, चितवन

प्रकाशक
नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**कृषि विभाग**
हरिहरभवन, ललितपुर
फोनः +९७७-१-५४२१३२३/५४२१६४८
Email: doa.agri2014@gmail.com, ppd.doa2020@gmail.com
Website : www.doanepal.gov.np